नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रशासन महाशाखा
(कानून शाखा)

२६२६९६
२६१७३६
(४- २६२८०२
२६२१८७
२६२४६८
२६२५४३

रामशाहपथ
काठमाडौं, नेपाल


पत्र संख्या:-
आ.व.०८२/८३
च.नं.:-१/का.

मिति: २०८२/०७/२६

**बिषय: प्रत्यायोजित विधायनहरुको दर्ता तथा प्रकाशन सम्बन्धमा ।**

विधायन ऐन, २०८१ को दफा २४ मा ऐनको दफा २२ बमोजिम प्रत्यायोजित विधायन स्वीकृत भएपछी त्यस्तो विधायन स्वीकृत गर्ने निकायबाट प्रमाणिकरण भई सात दिनभित्र दर्ताको लागि कानून मन्त्रालयमा दर्ताको लागि पठाउनुपर्ने, उक्त प्रत्यायोजित विधायनमा कानून मन्त्रालयले दर्ता गरी दर्ता नम्बर उपलब्ध गराउने कानूनी व्यवस्था रहेको छ। त्यस्तै ऐ ऐनको दफा २६ बमोजिम नेपाल सरकार वा कुनै निकायबाट जारी गरिने विनियमावली, आदेश, निर्देशिका, कार्यविधि वा मापदण्ड, दर्ता नम्वर प्राप्त भएको मितिले सात दिनभित्र सम्वन्धित मन्त्रालय वा निकायले वेवसाइटमा प्रकाशन गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको छ। ऐ. ऐनको दफा २७ बमोजिम प्रकाशन नगरिएको प्रत्यायोजित विधायनले प्रकाशन नभएसम्म कानूनी मान्यता नपाउने र त्यस्ता विधायनहरु प्रकाशन नभएसम्म सर्वसाधारणको लागि लागू नहुने कानूनी व्यवस्था रहेको हुनाले यस मन्त्रालय अन्तर्गतका विभागहरु, स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु, संघीय अस्पतालहरुबाट तयार भई प्रत्यायोजित विधायन अन्तर्गत स्वीकृत भएका सम्पूर्ण कानूनी दस्तावेजहरु दर्ता एवं प्रकाशन नभएको भए उल्लिखित व्यवस्था अनुसार तपसिल बमोजिमका विवरणहरु समावेश गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता प्रयोजनको पठाई तहाँ दर्ता भएपश्चात सम्बन्धित निकायको वेवसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ। साथै विधायन ऐन, २०८१ को दफा ३५ बमोजिम ऐन प्रारम्भ हुनुपूर्व (मिति २०८१/१२/०३) प्रचलित कानून बमोजिम जारी भई नेपाल राजपत्रमा प्रकाशन नभएका प्रत्यायोजित विधायन उक्त ऐन प्रारम्भ भएको एक वर्ष भित्र कानून मन्त्रालयमा दर्ता नगराइएमा त्यस्तो प्रत्यायोजित विधायन स्वतः अमान्य हुने व्यहोरा जानकारी गराइन्छ।

तपसिल:

१. विधायन स्वीकृत गर्ने निर्णयको प्रामाणितप्रति

२. स्वीकृत प्रत्यायोजित विधायनको प्रमाणितप्रति- दुई थान (स्वीकृत गर्ने अधिकारी वा मन्त्रालयको सचिवबाट प्रमाणित हुनुपर्ने)

३. प्रत्यायोजित विधायनको विद्युतीय प्रति

CamScanner